# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ताम्कु, सङ्खुवासभा
# सार्वजनिक सुनुवाई
## कार्यक्रम सम्पन्न प्रतिवेदन–२०८२/०८३

**सहजीकरण** : नागरिक चासो मल्टिमिडिया प्रा.लि., खाँदबारी

**प्रस्तुतकर्ता** : खेवाहाङ मेवाहाङ

# सिलीचोङ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न प्रतिवेदन
# २०८१/०८२

**१.सार्वजनिक सुनुवाई सहजकर्ताको नाम :**नागरिक चासो मल्टिमिडिया प्रा.लि.को तर्फबाट खेवाहाङ मेवाहाङ

**२. सहजकर्ताको ठेगाना :** खाँदबारी नगरपालिका१, संखुवासभा

**३.कार्यक्रम आयोजना स्थल :** गाउँपालिकाको सभाहल

**४.कार्यक्रम आयोजना गरिएको मिति :** २०८२ पौष २९ गते मंगल बार

**५. समय :** दिउँसो २ बजे देखि ६.०० बजेसम्म

**६.कार्यक्रम सञ्चालन गरिएको समय अवधी :** ४ घण्टा

**७. कार्यक्रमको विवरण**

सिलीचोङ गाउँपालिकाको सार्वजनिक सुवाई कार्यक्रम गाउँपालिकाको सभाहलमा २०८२ पौष २९ गते मंगलबार सम्पन्न भयो । कार्यक्रममा सिलीचोङ गाउँपालिकाका अध्यक्ष भुपालराज मेवाहाङ, उपाध्यक्ष देविता कुलुङ, गाउँपालिकाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, पत्रकार, सेवाग्राहीहरु, शिक्षक, र कर्मचारीहरुको सक्रिय उपस्थीति रहेको थियो । गाउँपालिका अध्यक्ष भुपालराज मेवाहाङको ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा ६७ जनाको सहभागिता रहेको थियो ।

सिलीचोङ गाउँपालिकाको आयोजना र नागरिक चासो मल्टिमिडिया प्रा.लि.को सहजीकरण रहेको सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चालन पत्रकार खेवाहाङ मेवाहाङले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा नागरिकबाट प्राप्त अभिमतलाई कार्यक्रम सञ्चालक मार्फत सर्वेक्षण प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको थियो भने गाउँपालिकागाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रविण राईले २०८२/८३ को प्रथम चौमासिकमा गाउँपालिकामा सञ्चालित योजना, राजश्व संकलन, पञ्जीकरण, सामाजिक सुरक्षा भत्ताको विषयमा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहभागिबाट उठेका जिज्ञासाहरुमा प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका उपाध्यक्ष र अध्यक्षले स्पष्ट पार्नुभएको थियो । वहाँहरुले प्राप्त गुनासो र सुझावहरुलाई सुधार गर्दै परिमार्जित गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

**८. सार्वजनिक सुनुवाईका विषयवस्तुहरु :**

क) गाउँपालिकाको कार्यालयद्धारा सञ्चालित विकास निर्माण योजनाहरु ।

ख) गाउँपालिकाबाट गरिएका सेवा प्रवाहमा जनताको जिज्ञासा, गुनासा ।

ग) सुशासनको अवस्था ।

Nagarik Chaso Multimedia Pvt.Ltd. Khandbari, Sankhuwasabha

घ) नागरिक वडा पत्रमा उल्लेख गरिएका सेवा सुविधाका बारेमा जनताका चासो र गुनासो ।

ङ) सामाजिक सुरक्षाभत्ता ।

च) लक्षित कार्यक्रम ।

छ) आगामी बर्षका विकास योजनाहरुको निर्माण ।

झ) राजश्व संकलन

**९.कार्यक्रममा उठेका प्रश्न/ जिज्ञासा र उत्तर**

| क.स. | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न, गुनासो र सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १, | हिराराज राई सिलीचोङ-३ | उपभोक्ता समितिका विषयमा मलेपले बेरुजु लेखेपछि समस्या भयो, कम बजेट भएपनि गुणस्तरीय काम गर्न सकिन्छ, योजनाका लागि आवश्यक डोजरहरु व्यवस्थापन गर्न सकिएन, कुनै समाधान होला ? | वडाध्यक्ष प्रतापसिंह तामाङ | मलेपले गत आ.व. मा उपभोक्ताबाट गरिएका कामको बारेमा बेरुजु लेख्यो, त्यसकारण उपभोक्ता समितिमा कोही पनि बस्न चाहादैनन् । अनि वडास्तरमा योजना सबैलाई चाहिने तर कार्यन्वयनमा समस्या भयो, दिर्घकालीन् उपाय नै निस्कन सकेको छैन । सिमित व्यवसायी भएकोले यो डोजर नपाउने समस्या बढ्दै गएको छ । गाउँपालिले साना योजनाका लागि आफै डोजर ल्याउनु पर्ला । |
| २, | मोतिलाल राई सिलीचोङ-५ | जग्गाको कर र मुल्य निर्धारण कम भयो, सो कारण स्थानीयले बैंक ऋण पाउनै मुस्किल भयो । | गाउँपालिका अध्यक्ष | हो, यो समस्या अब हुन्छ । करको दर बढाउँदा सबैलाई समस्या, मोल बढाए कर बढेर लोन लिन सहज होला, तर यहाँबाट केहीले मात्रै सुविधा लिएपनि धेरै जसोको समस्या बढ्ने देखेर यसो भयो, समयानुकुल परिवर्तन हुँदै जानेछ । |
| ३, | बाल कुमार राई सिलीचोङ २ | १. गुराँस हाईड्रोले बस्तीकै उठीबास लगाउन लागेको छ, तर स्थानीय सरकार किन चुप ?<br>२. मातृभुमी हाईड्रोलाई जग्गा पास भई रहेको छ तर | भुपालराज मेवाहाङ अध्यक्ष | हाईड्रो हाम्रोभन्दा माथिल्लो अर्थात केन्द्रीय तहबाट नै भई रहेको छ । हामीले सुझाव दिँदै जाने हो त्यो भई रहेको नै छ । योजनाका सन्दर्भमा आगामी बजेटहरुमा समावेस गर्दै लगिनेछ । विद्यालयको |

| | | | | |
|---|---|---|---|---|
| | | स्थानीयकै गुनासो हुँदा कसरी भयो ? ३. जालपा आ.वि.को खेलमैदान संरक्षण र विद्यार्थी संख्या वृद्धिमा के हुँदै होला ? ४. बुधबारे आसपासमा खानेपानीको योजना नै छैन, आवश्यक नै हैन र ? | | खेलमैदान संरक्षणका सन्दर्भमा यसै बर्ष कुनै न कुनै शिर्षकको बजेटबाट सम्बोधन गरिने छ । यसमा यहाँहरुका चासो र चिन्ता आवश्यक हुँदै जाने विश्वास लिएकोछु । |
| ४, | सुरेन्द्र मेवाहाङ याफु | हाईड्रोहरुले दिने सामाजिक उत्तरदायित्वका बजेट कार्यन्वयनमा स्थानीय जनतालाई जानकारी नै नदिई गरेको आभाष भएको छ, यसलाई प्रभावकारी र जनमुखी बनाउन सबैलाई थाहा दिईएको होस् । | भुपालराज मेवाहाङ अध्यक्ष | अवश्य, हामीले प्रयास गरि नै रहेका छौं, नियत गलत नभएपनि केही चुकी रहेको महसुस पक्कै हो, यसलाई आगामी दिनमा थप परिस्कृत गर्न आवश्यक ठानेका छौं । |
| ५, | सुजन राई ताम्कु | प्रशासकीय भवन ढिलासुस्ती भयो, म्याद थप कि लुसुक्क गरिन्छ ? सार्वजनिक सुनुवाई गरेर गर्ने गरियोस । | | |
| ६. | चन्द्र वहादुर राई शिक्षक | अभिभावक शिक्षा कार्यक्रम समावेश होस् । बीग स्कुल कन्सेप्टको विकास होस् । आईसिटी तालिममा थप व्यवस्थित बनाउनु पर्छ । विद्यालय सुपरिवेक्षणमा ध्यान जाओस् । | भुपालराज राई गाउँपालिका अध्यक्ष | सुझावका लागि धन्यवाद, भौतिक पुर्वधारमा लगानी गरिरहेको सिलीचोङ अब भने यस्ता विषयहरुमा परिस्कृत हुँदै गएको छ । विद्यालय र विद्यार्थी घट्दो छ, जसको निराकरणका लागि यो सुझावे समेत विशेष भुमिका खेल्ने छ । |
| ७ | नरभुपाल मेवाहाङ स्थानीय अगुवा | योजना सञ्चालन संधै आर्थिक बर्षको अन्त्यतिर हुन्छ । | भुपालराज मेवाहाङ अध्यक्ष | प्राप्त सुझावलाई स्वीकार गरी आवश्यक निती तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | समयमा नै गरौं ।<br>२. नागरिक सुझावहरु पढ्ने र सुन्नेको बानीको विकास भएको होस् ।<br>३. कृषि तथा पशु सेवा घुम्ती रुपमा गरौं ।<br>४. गाउँपालिकालाई आत्मानिर्भरता तर्फ उन्मुख गराउने कि । | | |
| ८ | देवी कुमारी राई<br>नेकपा माओवादी | विउ विजन नापजाँच नगरी कि बाँढेको ? मकैको विउले काम नै गरेन ।<br>बालबालिकाहरुको विचल्ली हुने गरी हुने सम्बन्ध विच्छेदका लागि सचेतना कार्यक्रम ल्याने की ? | भुपालराज मेवाहाङ अध्यक्ष | सम्बन्धित शाखाले उक्त समस्याको समाधान तत्काल आफ्नो काम गर्नु पर्छ । आगमी दिनमा नापजाँच नगरी वितरण नगर्ने ।<br>र यो समाजका लागि जटिल विषय बन्दै गएको छ । यो विषयको निराकरणका लागि वृहत छलफल र कार्यक्रमहरु तयगर्नुपर्ने देखिएको छ । |
| ९ | संयोगान्त कुलुङ<br>नेपाली कांग्रेस | योजनाहरुको प्राथमिकीकरणमा ध्यान दिनु पर्छ ।<br>केही भएको छैन हैन, केही चाँही भएको छ भन्नेतिर लागौं । | भुपालराज मेवाहाङ अध्यक्ष | प्राप्त सुझावलाई स्वीकार गरी आवश्यक निती तथा कार्यक्रममा छलफल गरिनेछ । |
| १३ | राम बहादुर कुलुङ<br>पूर्व पालिका अध्यक्ष | १. सिलीचोङ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा निर्माण कम्पनी, जसले ठुला आयोजनाहरुमा काम गरिरहेको छ, उनीहरुलाई पनि आमन्त्रण गरौं ।<br>२. एम्बुलेन्स थप गरौं, जनताको सेवामा अझै ससाना काम गरौं ।<br>३. राजश्व बढाउने हैन, दायरा चाँही बढाउन सकौं । | भुपालराज मेवाहाङ अध्यक्ष | प्राप्त सुझावलाई सिरोपर गरी आवश्यक निती तथा कार्यक्रममा छलफल गरिनेछ ।<br>एम्बुलेन्सका हकमा गुराँस हाईड्रोबाट एम्बुलेन्स ल्याई सकेका छौं, सञ्चालनका लागि अब आगामी बर्षको बजेटमा समावेश गर्नेछौं ।<br>अन्य विषयमा नियमित प्रयासरत छौं । |

Kumbhkarna Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

| | | | | |
|---|---|---|---|---|
| १४ | सहजकर्ता: खेवाहाङ मेवाहाङ | आजको कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र गुनासोको समाधान खोज्ने तथा गाउँपालिकालाई समृद्ध बनाउन के कस्ता प्रतिबद्धता ब्यक्त गर्नुहुन्छ ? | भुपालराज मेवाहाङगाउँपालिका अध्यक्ष | सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका विषयहरुलाई हामीले विशेष सल्लाह र सुझावका रुपमा लिएका छौं । उठेका विषयलाई यहाँ सकरात्मक रुपमा लिँदै आगामी दिनहरुका सुझावलाई सिरोधार्य गर्दै सुधार गर्ने प्रतिवद्धता रहेको छ । |

**१०. सिलीचोङ  गाउँपालिकाको कार्यालयलाई राय तथा सुझाव  :**

प्राकृतिक श्रोत र सम्पदाले भरिपुर्ण यस गाउँपालिका आर्थिक विकासमा सम्भावना बोकेको गाउँपालिका हो । भएका श्रोत परिचालन गर्न सक्ने हो भने यस गाउँपालिकाले आर्थिक संमृद्धिमा ठुलो फड्को मार्ने निश्चित छ । त्यसकारण यस गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी, राजनैतिक दल, सघंसंस्था, स्थानीय नागरिक साथै सरोकारवालाहरु सहितको हातेमालो आवश्यक देखिन्छ । यसै गरि गाउँपालिकाले सुशासन कायम गर्नका लागि विभिन्न मुल्य मान्यता, विधि पद्धति अनुशरण गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाकार्यालयमा उपस्थीत सेवाग्राहिमाथि गरिएको बहिर्गमन अभिमत (Exit Poll) साथै विभिन्न क्षेत्रका प्रतिनीधि सेवाग्राहिको नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि जनाउने) र सार्वजनिक सुनुवाई कार्यक्रमका दौरानमा उपस्थित सहभागीले उठाएका विषय एवम् सुझाबका आधारमा तपशील बमोजिमको विषयहरुलाई उठान गरि राय तथा सुझाबका रुपमा समावेश गरिएको छ ।

- सिलीचोङ गाउँपालिकामा सञ्चालन भई रहेको प्रशासनिक भवनको ढिला सुस्ती सबैभन्दा कमजोर प्रगति देखिन्छ, यसलाई छिटो सम्पन्न गर्न ध्यान केन्द्रित होस् ।
- गाउँपालिका भित्रमा सिसाजन्य बस्तुले निक्कै ठुलो समस्या बनेको छ, यसको सही व्यवस्थापनमा ध्यान दिईयोस् ।
- स्थानीय नागरिकले उत्पादन गरेको कृषि उपज बस्तुको बजारीकरणमा विशेष ध्यान दिईयोस् ।
- जनप्रतिनीधि र कर्मचारीबीचको सुमधुर सम्वन्ध आवश्यक छ, कार्यक्रम कार्यान्वयन र प्रशासन संचालनको मुख्य जिम्मेवार व्यक्तित्व समयमा कार्यालयमा उपस्थित नहुँदा सेवाग्राहीले सास्ति व्यहोर्नु परिरहेको साथै विभिन्न सेवा प्रवाहमा समस्या भएको देखिन्छ, यसका लागि गाउँपालिकाले ध्यान पुऱ्याउनु पर्ने ।
- भौतिक विकासमा जोड दिएको गाउँपालिका अब आर्थिक तथा सामाजिक विकासका लागि थप बजेट, निती तथा कार्यक्रमहरु बनाउनु पर्ने ।
- गाउँपालिकाको सुशासनका निम्ति आवश्यक आधारभुत सुचकहरु जस्तै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदि समय समयमा गर्नुपर्ने देखिन्छ जसले गाउँपालिकालाई जनताप्रति अझै जवाफदेही र उत्तरदायी बनाउनेछ ।
- यसै गरि ठुला आयोजना तथा प्राविधिक रुपमा कठिन योजनाहरु उपभोक्ता समितिमार्फत संचालन गर्दा त्यसको प्रभावकारिता र गुणस्तरियता कम भएको देखिन्छ, यसर्थ यस विषयमा गाउँपालिकाले ध्यान दिन जरुरी छ ।
- गाउँपालिकाहरुले योजना पहिचान गर्दा स्थानियको अनिवार्य सहभागीतामा माग र आवश्यकता साथै दिर्घकालिन प्रतिफल र असरका आधारमा गर्नुपर्ने ।

- महिला, दलित, जनजाति, अल्पसंख्यक, सिमान्तकृत, अपांग लगायत लक्षित वर्गलाई विभिन्न अवसरमा उच्च प्राथमिकता दिदै समानता र समता दुवै विधि अपनाउनु पर्ने ।
- सार्वजनिक सेवा प्रवाहका लागि कार्यालयलाई उच्च प्रविधिमैत्री बनाउन इन्टरनेट र विद्युतको आपुर्ति मजबुत बनाउनु पर्ने ।
- नेपाल एक कृषि प्रधान देश भए पनि कृषिमा आत्मनिर्भर बन्न नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै कृषि लगायतका उत्पादनमुलक क्षेत्रमा गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नुपर्ने । भएका योजनालाई पूर्ण कार्यान्वयन गर्नुपर्ने ।
- गाउँपालिकाभित्र संचालित विभिन्न जलविद्युत आयोजनाहरुसंग समन्वय गरि कृषि, सडक सञ्जाल निर्माण साथै स्तरोन्नती, रोजगारी सृजना लगायतको क्षेत्रमा कार्य गर्नु आवश्यक देखिन्छ ।
- स्थानीय जलविद्युत परियोजनाहरुमा भएको जनताको गुनासो बढ्दो छ । जसको समाधानका लागि पहल कदमी अगाडी बढाईयोस् ।
- गाउँपालिका क्षेत्रमा हालसम्म एक इन्च पनि सडक कालोपत्रेको रुप छैन, केही पाईलट प्रोजेक्टहरु लागु गरियोस् ।
- सिलीचोङ कृषिका लागि उपयुक्त भुमीहरु छन्, आत्मानिर्भर बनाउन थप नीति कार्यक्रमहरु तयार गरि काम गर्नुपर्ने आवश्यक देखिन्छ ।

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

**कार्यक्रमका तस्बीर, उपस्थिति र निर्णय**







**प्रतिवेदन तयार मिति :**२०८२ पौष २९ गते　　　　　　सार्वजनिक सुनुवाई संयोजकको दस्तखत

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

आज मिति २०८२ पौष २९ गते मंगलबार सिलीचोङ गाउँपालिका अध्यक्ष भुपालराज राई ज्यूको अध्यक्षतामा आ. वर्ष २०८२।०८३ को पहिलो चौमासिक समिक्षा सहित भएको सार्वजनिक सुनुवाई कार्यक्रममा तपशिल बमोजिमको उपस्थितीमा सम्पन्न गरियो ।

तपशिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भुपालराज राई | गा.पा. अध्यक्ष | |
| २ | श्री देविता राई | ,, उपाध्यक्ष | |
| ३ | श्री प्रविण राई | प्र.प्र. अधिकृत | |
| ४ | श्री गणेश राई | १ नं. वडाध्यक्ष | |
| ५ | श्री मोहन सम्सेर राई | २ नं. वडाध्यक्ष | |
| ६ | श्री प्रताप सिंह तामाङ | ३ नं. वडाध्यक्ष | |
| ७ | श्री देवेन्द्र राई | ४ नं. वडाध्यक्ष | |
| ८ | श्री ईश्वर राई | ५ नं. वडाध्यक्ष | |
| ९ | श्री सागर राई | का.पा. सदस्य | |
| १० | श्री सन्तोष राई | ,, | |
| ११ | श्री मन कुमारी राई | ,, | |
| १२ | श्री रेविका रसाइली | ,, | |
| १३ | श्री सारदा राई | ,, | |
| १४ | श्री सागर बस्नेत | आ.लै.प | |
| १५ | श्री रमेश राई | MES operator | |
| १६ | श्री प्रदिप राई | सहायक कम्प्युटर अपरेटर | |
| १७ | श्री दिपक खड्का | सोरवायल | |
| १८ | श्री ज्ञानराज राई | सुब्बा | |
| १९ | श्री निरज खनाल | सहायक पाँचौं | |
| २० | श्री रमेश कार्की | शिक्षा अधिकृत | |
| २१ | श्री भावना पराजुली | सहायक पाँचौं | |

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

| | | | |
|---|---|---|---|
| २२ | हरिदत्त राई | प्रा. हा. [illegible] प्रमुख | |
| २३ | विनोदराज महतारा | [illegible] | |
| २४ | भूमा कापले | ३ नं. वडा सचिव | |
| २५ | बिन काशी गुरुङ | अ.न.मी | |
| २६ | राधिका राई | प. है नं. | |
| २७ | कौशिला राई | | |
| २८ | इन्द्र ब. कुलुङ | प्र.अ. शाला मा.वि. | |
| २९ | मणिकुमार राई | पूर्व सदस्य | |
| ३० | राम बहादुर कुलुङ | पूर्व गा.पा. अध्यक्ष | |
| ३१ | शान्ता राई | ३ नं. वडा [illegible] | |
| ३२ | हिराराज राई | प्र.अ. श्री [illegible] | |
| ३३ | आशिष मेवाहाङ राई | — | |
| ३४ | विष्णु कुमार राई | — | |
| ३५ | चन्द्र नाम राई | — | |
| ३६ | बाल कुमार राई | — | |
| ३७ | बद्री ब. राई | | |
| ३८ | विशाल राई | — | |
| ३९ | लाल बं. राई | — | |
| ४० | मेघराज राई | वडा नं. ३ ताम्कू | |
| ४१ | नरभुपाल राई | [illegible] | |
| ४२ | अमुना राई | वडा सदस्य | |
| ४३ | देवी कुमारी राई | [illegible] | |
| ४४ | जितेन राई | [illegible] अध्यक्ष | |
| ४६ | राजकुमार राई | | |

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha

| | | | |
|---|---|---|---|
| ४७ | मधु के. राई | प्रशासन शाखा प्रमुख | [signature] |
| ४९ | दीपेन्द्र कु. राई | स्वास्थ्य " " | [signature] |
| ५० | सेर बहादुर गोरखे | टोल सुधारक प्रका:- | [signature] |
| ५१ | महेन्द्र राई | — | [signature] |
| ५२ | शारदा कुमारी राई | अंग्रे पालोडा ही० | [signature] |
| ५३ | विमा राम राई | वडा सदस्य | [signature] |
| ५४ | ज्ञानेन्द्रकुमार राई | (प्र.अ.) जीवन ज्योति | [signature] |
| ५५ | सुरेन्द्र राई | किसान | [signature] |
| ५६ | चन्द्र बहादुर राई | प्र.अ., श्री कट्टुके मा.वि. | [signature] |
| ५७ | कर्णबहादुर राई | कालायाम्ब इ.प्र. का.वि.नि.प्र.प्र. | [signature] |
| ५८ | राज कुमार राई | रोजगार सेवा केन्द्र प्र. | [signature] |
| ५९ | टिकनाथ चाम्लागाई | प्र.अ. श्री कालिका मा.वि. | [signature] |
| ६० | प्रकाश राई | हमी आफ्नवाटी चाल्ने | [signature] |
| ६१ | राजेश राई | का ब | [signature] |
| ६२ | राजिव राई | " | [signature] |
| ६३ | केदार राई. | " | [signature] |
| ६४ | गोकुल राई | मानाई | [signature] |
| ६५ | रेतुकला राई | DSF | [signature] |
| ६६ | खेवाहाङ नेवाहाङ | नागरिक चासो सहकारिता | [signature] |
| ६७ | संयोगमान राई | नेपाली कांग्रेस | [signature] |
| ६८ | | | |
| ६९ | | | |
| ७० | | | |

KAMSO Multimedia Pvt. Ltd.
Khandbari, Sankhuwasabha

**निर्णयः**

१. चालु आर्थिक वर्ष २०८२।०८३ को पहिलो चौमासिकमा भएका योजना तथा कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति प्रतिवेदन, नागरिक प्रतिवेदन, बहिर्गमन प्रतिवेदन, नागरिक अभिमत पेश भयो । उक्त सम्बन्धमा व्यापक छलफल हुनुको साथै सहभागीहरुले उठाएका गुणसोहरुको सम्वन्धमा मातहतको कार्यालयघाट प्रवाह हुने सेवाहरुलाई गाउँपालिका अग्रसर भाएको निर्णय गरीयो । पक्षबाट सम्बोधन भयो । गाउँपालिका र थप प्रभावकारी बनाउदै सेवाग्राही मैत्री सेवा प्रदान गर्न रहने निष्कर्षका साथ सार्वजनिक सुनुवाई कार्यकम सन्तोषजनक रुपमा सम्प्रन्न गरियो ।

Multimedia Pvt.Ltd.
Khandbari, Sankhuwasabha